# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०८०/०२/१८

प.स.२०७९।८०

च.नं. ८८२६

**बिषयः संघीय/प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणको न्युन प्राप्ती सम्वन्धमा ।**

श्री महाशाखाहरु/शाखाहरु सबै

श्री वडा कार्यालयहरु सबै (१-१९)

धनगढी उपमहानगरपालिका

प्रस्तुत विषयमा आ.ब.२०७९/०८०, का लागी यस धनगढी उप-महानगरपालिकाको वार्षिक बजेटमा अनुमान गरिएको आम्दानी संघीय तथा प्रदेश सरकार बाट प्रतिबद्दता भए बमोजिम प्राप्त नभएको हुँदा यसको प्रत्यक्ष असर बजेट कार्यान्वयनमा परेको व्यहोरा अनुरोध छ ।

संघीय/प्रदेश समानिकरण अनुदान प्रतिवद्दताको ८७.५% मात्र र राजस्व वांडफांड संघ/प्रदेश प्रतिबद्दाताको ५०% जति मात्र (आजको मिति सम्म) प्राप्त भएको हुदा मुलुकको अर्थतन्त्रमा परेको दवावका कारण लक्ष्य अनुरुप आम्दानी प्राप्ती नहुदा पालिकाबाट महाशाखा/शाखा तथा वडातहसम्म बिनियोजन गरिएका सबै योजनाहरु कार्यान्वयन हुन सक्ने अवस्था छैन । तसर्थ महाशाखा/शाखा तथा वडा कार्यालय अन्तरगत विनियोजित कार्यक्रम, तालिम तथा प्रतिफल/नतिजा न्युन हुने कार्यक्रमहरु जेष्ठ तथा असाढ महिनामा कार्यान्वयन नगरी बजेट कार्यान्वयनमा सहजीकरण गरिदिन हुन यस उपमहानगरपालिकाको नगरप्रमुख स्तरीय निर्णय अनुसार अनुरोध छ ।

०८०/२/१८

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री नगर प्रमुखज्युको सचिवालय

श्री नगर उप प्रमुखज्युको सचिवालय

प्रमुख प्रशासकीय अधिकृत